# स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण संचालन सम्बन्धमा कार्यशर्त विवरण (Terms of Reference)

प्रदेश प्रशिक्षण केन्द्र
प्रदेश नं. १
कलवलगुरी, झापा

क्रियाकलाप नं १०.२

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

## स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit) संचालन गर्ने सम्बन्धमा

### १. पृष्ठभुमि

नेपालको शासकिय संरचना संघीय, प्रदेश र स्थानीय गरी तिनै तहको आम निर्वाचन भई कार्यान्वयनमा आए पश्चात् संघीय संरचनामा रुपान्तरण भइ सबै तहमा आ-आफ्नो सरकार स्थापित भई संचालनमा रहेको अवस्था छ | संविधानले यी तिनै तहका सरकारलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकार प्रदान गरेको छ | संघीयताको अभ्यास मुलुकको लागि नयाँ भएको र संघीयता कार्यान्वयनका लागि स्थानीय, प्रदेश एवं संघीय सरकारको स्थापना र यी तिनै तहका सरकारको संस्थागत विकास हुनु अत्यावश्यक देखिन्छ | साथै, सबै तहका सरकार, खासगरि प्रदेश र स्थानीय तहका सरकारका जनप्रतिनिधि एवं कर्मचारीहरु सरकारलाई सुम्पिएको काम, कर्तब्य र अधिकार तथा आ-आफ्नो भूमिका र जिम्मेवारीमा पूर्ण रुपमा जानकार भई अघि बढ्नुपर्ने देखिन्छ |

सोहि कुरालाई मध्यनजर गरि नेपाल सरकारले राष्ट्रिय Flagship कार्यक्रमको रूपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यकारी नेतृत्वमा चालु आर्थिक वर्ष २०७६/२०७७ देखि **प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)** को रुपमा संचालनमा ल्याएको छ | जसको मूल लक्ष्य प्रदेश तथा स्थानीय सरकारलाई पूर्णरुपमा संचालित, दिगो, समावेशी एवम जवाफदेही बनाउनु रहेको छ | यसै सन्दर्भमा संविधानद्वारा परिकल्पना गरिएको समानता र समावेशितामा आधारित समाज निर्माण गर्न स्थानीय तथा प्रदेश सरकारको प्रणाली, प्रक्रिया तथा संरचनालाई लैंगिक समानता तथा सामाजिक समवेशिकरणको दृष्टिकोणबाट संवेदनशील एवम उत्तरदायी बनाउन जरुरी देखिन्छ |

### २. औचित्य

नेपालको संविधानको प्रस्तावनामानै लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष

प्रावधानहरुको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ । त्यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अद्यावधिक तथा खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैंगिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवद्र्घन गर्ने व्यवस्था गरिएको छ ।

संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ । स्थानीय सरकारद्वारा संचालन हुने नीति, योजना, बजेट, कार्यक्रम, सेवाप्रवाहा र संरचनालाई लैससास संवेदनशिल, उत्तरदायी र मैत्री बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवद्र्धनका लागि लै.स.सा.स. परिक्षण गर्ने उदेश्यले यो कार्यशर्त तयार गरिएको हो ।

## ३. उद्देश्यहरु

यस क्रियाकलापको मूख्य उद्देश्य लैससास मूलप्रवाहीकरणका लागि स्थानीय सरकारले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परिक्षण गरी लैससासलाई संस्थागत रुपमा सबल र सक्षमा बनाउन सहयोग पुर्याउनु हो । यसका साथै लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक तथा मानविय श्रोतको सुनिश्चतता र उपलब्धीको समतामूलक वितरण गर्नु रहेको छ । यस क्रियाकलापको विशिष्ट उद्देश्यहरु निम्न लिखित छन् ।

- स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण भए नभएको तथा लैससास आन्तरिकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मूल्याँकन गर्ने ।

- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लक्षलाई स्थानीय तहको संरचना, नीति, रणनिति र कार्ययोजनाहरुमा विशेष प्राथमिकताका साथ स्थान दिने र आवश्यक आर्थिक तथा मानविय श्रोतको सुनिश्चित गर्ने
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय तहमा संस्थागत गर्न आवश्यक सुझावहरु सिफारिस गर्ने ।

## ३. कार्यविधि

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, १५ औं राष्ट्रिय योजना, दीगो विकासका लक्षहरु, लैङ्गिक समानता सामाजिक समावेशीकरणमा भएका विभिन्न व्यवस्थाहरुलाई मध्यनजर गर्दै लैङ्गिक समानता सामाजिक समावेशिकरण परीक्षण दिग्दर्शन, २०७८ को आधारमा स्थानीय तहको लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण गर्नुपर्ने छ । सुचक र उपसुचक अनुसार अंकभार दिने बेला योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्न र प्रभाव सम्मको विस्लेषण गर्नु पर्ने छ । उक्त छलफलमा विशेषत महिला र बन्चितिकरणमा परेका समुहहरुको प्रतिनिधित्व हुने गरी संपूर्ण सरोकारवालाहरुको सहभागीतामा अंक भार दिनु पर्ने छ ।

यस कार्यका लागि नेपाल सरकारको खरिद नियम अनुसार यस क्षेत्रमा विज्ञता भएका प्राईभेट कम्पनि/फर्म बाट प्रस्तावना माग तथा छनौट गरि काम गरिनेछ । स्थानीय तह र अन्य सरोकारवाला संस्थाहरुसँग समन्वय गरी कार्यक्रमको दोहोरोपना नहुने सुनिश्चितता गरिनेछ । यसका साथै कार्यक्रमको गुणस्तर सुनिश्चित गर्नका लागि प्रदेश प्रशिक्षण केन्द्रबाट अनुगमन र फलोअप गरिनेछ । कार्यक्रमलाई सहज, छिटो र प्रभावकारी रुपमा संचालन गर्नको लागि प्रदेश नं १ को १३७ स्थानीय तहलाई ३ वटा कलष्टरमा विभाजन गरिएको छ ।

## ४. कलष्टर

कार्यक्रमलाई सहज, छिटो र प्रभावकारी रुपमा संचालन गर्नको लागि १३७ स्थानीय तहलाई निम्न ३ वटा कलष्टरमा विभाजन गरिएको छ ।

| क्लष्टर नं. | जिल्लाको नाम | जिल्लाको संख्या | जम्मा स्थानीय तहको संख्या |
|---|---|---|---|
| क्लष्टर क | ताप्लेजुंग, पांचथर, ईलाम, झापा जिल्लाका सम्पूर्ण स्थानीय पालिकहरु | ४ | ४२ |
| क्लष्टर ख | भोजपुर, संखुवासभा, तेह्रथुम, धनकुटा र मोरंग जिल्लाका सम्पूर्ण | ५ | ४९ |

| | | | |
|---|---|---|---|
| | स्थानीय पालिकहरु | | |
| क्लष्टर ग | सोलुखुम्बु, खोटांग, ओखलढुंगा, उदयपुर र सुनसरी जिल्लाका सम्पूर्ण स्थानीय पालिकहरु | ५ | ४६ |
| | **जम्मा** | **१४** | **१३७** |

## ५. परामर्शदाताको टोलि

यस कामको लागि एक जना टोलिप्रमुख सहित १ जना टोलि सदस्य रहनेछन् । एउटा क्लस्टरका लागि कम्तिमा तीन वटा टोली परिचालन गरिनेछ।आवश्यकता अनुसार टोली संख्या बढाउन सकिनेछ | टोली गठन गर्दा लै.स.सा.स.का दृस्टीकोणबाट सन्तुलित हुनुपर्नेछ |

## ६. परामर्शदाताको योग्यता र अनुभव

**शैक्षिक योग्यताः** टोलि प्रमुखको लागि लैंगिक अध्ययन, समाजशास्त्र, कानुन वा अन्य सम्बन्धित विषयहरुमा स्नातकोत्तर गरेको र सदस्यको लागि स्नातक तह पुरा गरेको

**अनुभवः**

- टोलि प्रमुखको लागि कम्तीमा ५ वर्ष र सदस्यको लागि ३ वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संघीयता र सुशासन सम्बन्धि क्षेत्रमा काम गरेको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरेको, लैससास संवन्धित कार्यक्रम, अन्तरक्रिया, छलफल तथा तालिममा सहजकर्ता भई काम गरेको ।
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति, योजना तथा कार्यक्रम बारे बृहत ज्ञान भएको ।
- संघीय शाषन प्रणालीं एवम सचालन प्रक्रिया तथा नेपालले लैससासमा गरेका अन्तराष्ट्रिय प्रतिवद्धताका बारेमा प्रष्ट जानकारी भएको ।
- परामर्श बैठक तथा छलफल कार्यक्रमहरुको रणनैतिक ढगंबाट प्रष्टसंग सहजीकरण गर्न सक्ने अनुभव तथा क्षमता भएको ।
- नेपाली भाषा लेखनमा दक्षता भएको ।

## ७. परामर्शदाताको भुमिका तथा जिम्मेवारी

- प्रदेश प्रशिक्षण केन्द्रले आयोजना गर्ने अभिमुखिकरण कार्यक्रममा सहभागी हुने ।
- स्थानीय तहसँग समन्वय गरी लैससास परीक्षणको लागि मिति, स्थान र सहभागी तोक्ने ।
- गाउँपालिकाको हकमा उपाध्यक्ष र नगरपालिकाको हकमा उपप्रमुख वा निज समेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा कर्मचारी र सरोकारवाला

समेत रहेको ३ देखि ५ सदस्यीय कार्यदल बनाउने । यस्तो कार्यदलमा कम्तिमा एक जना महिला र दलित तथा अन्य बन्चितिकरणमा परेका समुहहरुको प्रतिनिधित्व हुने गरि समिति बनाउने ।

- कार्यदलसँग सहकार्य गरी स्थानीय सरकारका दस्तावेजहरु (जस्तै कार्यविधि, रणनिति, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन, विकास बुलेटिन, प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरु, आदिको लैससा दृष्टिकोणले विष्लेशण र पुनरावलोकन गर्ने ।
- लैससास परीक्षण बैठकमा सम्पूर्ण कर्मचारी तथा पदाधिकारीहरुको सहभागीता गर्ने तथा कार्यालयमा भएका सबै महिला कर्मचारी र अन्य बन्चितिकरणमा परेका समुदायका कर्मचारीहरुको प्रतिनिधित्व अनिवार्य गर्ने ।
- स्थानीय निकायका पदाधिकारीहरु कर्मचारीहरुको सहभागीतामा प्रत्येक विषय (स्थानीय तहको निती, कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, शुसान तथा उत्तरदायित्व) क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिका बारेमा सामुहिक छलफल गर्ने ।
- लैससास परिक्षण गर्दा स्थानीय सरकारले गत आ.व.मा सम्पन्न गरेको कार्यक्रमको परीक्षण गर्नुपर्ने छ ।
- क्षमता विकास सूचना व्यवस्थापन प्रणाली (CDMIS) मा लैससास परीक्षणका आवश्यक कागजात तथा सूचनाहरु (जस्तै प्रशिक्षक र सहभागीको इन्ट्रि, प्रस्तुतिकरण, रिपोर्ट आदि) इन्ट्रि तथा व्यवस्थापन गर्ने ।
- स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ को लेखाजोखाको ढाँचामा उल्लेख भएका मूल विषय, सहायक विषय र सूचकहरुको आधारमा छलफल गरी अंक दिने ।
- योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र प्रभाव सम्मको लैससास दृष्टिकोणले विष्लेशण गर्ने ।
- प्रत्येक सूचकमा पाएको अंकको आधारमा स्थानीय तहको बर्तमान अवस्था माकुरेजालोमा चित्रण गर्ने र सहभागीहरु माझ राखे । सो चित्रले दोखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिंदै कमजोर पक्षहरुलाई सुधार गर्न आवश्यक कार्ययोजना निर्माण गर्न सहजीकरण गर्ने ।
- स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गरी प्रणालिमा अपलोड गर्ने, संवन्धित स्थानीय तह र प्रदेश प्रशिक्षण केन्द्रमा पेश गर्ने ।
- प्रदेश प्रशिक्षण केन्द्रले उपलब्ध गराएको ढाँचामा कार्यसम्पादन प्रतिवेदन तयार गरी केन्द्रलाई पेश गर्ने ।

**८. समयावधिः**

यस कामको अवधि बढिमा २.५ महिनाको हुनेछ । सामान्यतय एउटा स्थानीय तहमा काम सम्पन्न गर्नका लागि ४ दिन समय लाग्नेछ ।

| क्र.स. | क्रियाकलाप | समयसीमा |
|---|---|---|
| १ | स्थानीय तहसँग समन्वय र तयारी | १ दिन |
| २ | स्थानीय तह लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ को लेखाजोखाको ढाँचामा उल्लेख भएका मूल विषय, सहायक विषय र सूचकहरुको आधारमा छलफल गरी अंक दिने नतिजा प्रस्तुत गर्ने र कार्ययोजना बनाउन सहजीकरण गर्ने | २ दिन |
| ३ | प्रतिवेदन लेखन | १ दिन |
| | **जम्मा** | **४ दिन** |